आंज मिति २०८२/०४/११ गतेका दिन यस ठोरी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलका उपस्थितिमा बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो।

तपसिलः

| क्र.सं. | पदः | उपस्थितिको नाम थरः | हस्ताक्षरः |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री लाल बहादुर श्रेष्ठ | |
| २ | उपाध्यक्ष | श्री गोकुली कुमारी रेग्मी | |
| ३ | वडा अध्यक्ष | श्री धनमान थापा मगर | |
| ४ | वडा अध्यक्ष | श्री अमृत कृष्ण सापकोटा | |
| ५ | वडा अध्यक्ष | श्री शम्भु खड्का | |
| ६ | वडा अध्यक्ष | श्री मान बहादुर थिङ्ग | |
| ७ | वडा अध्यक्ष | श्री अष्ट बहादुर लोप्चन | |
| ८ | कार्यपालिका सदस्य | श्री फुलमाया दर्जी | |
| ९ | कार्यपालिका सदस्य | श्री धनमाया घलान (ठोकर) | |
| १० | कार्यपालिका सदस्य | श्री देवीमाया थिङ्ग | |
| ११ | कार्यपालिका सदस्य | श्री ज्ञान कुमारी जोशी | |
| १२ | कार्यपालिका सदस्य | श्री ईश्वरी देवी प्रजा | |
| १३ | कार्यपालिका सदस्य | श्री मेघराज सुनुवार | |
| १४ | सदस्य सचिव | श्री धर्मराज बहादुर थापा | |

CamScanner

गाउँ कार्यपालिकाको बैठक संख्याः १/२०८२/८३

निर्णयहरुः

निर्णय नं.१: प्रस्ताव नं.१ माथि छलफल गर्दा नेपाल सरकार र मधेश प्रदेश सरकारले मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको, साथै पर्सा जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८२/०४/१० गते वसेको बैठकले पनि ठोरी गाउँपालिकालाई अति सुख्खाग्रस्त तथा भावर क्षेत्र यकिन गरेको र ठोरी गाउँपालिकामा खानेपानीको अति सङ्कट आईपरेको र ७५% खेतमा धान रोपाई हुन नसकेको र आकाशे पानीबाट कठिनाईका साथ रोपिएको धान खेत पनि चिरा परेर धानको विरुवा मर्दै गएको हुदा डिप वोरिङवाट तत्कालको निम्ति समस्या समाधान हुने देखिएकोले ठोरी गाउँपालिका क्षेत्र सङ्कटग्रस्त वनेको हुदाँ खानेपानी र सिंचाईको व्यवस्थापन गर्न डिप वोरिङ जडानको लागि सम्वन्धित निकायहरुमा माग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा नं. | डिप वोरिङको संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ५ | |
| २ | २ | ५ | |
| ३ | ३ | ५ | |
| ४ | ४ | ५ | |
| ५ | ५ | ५ | |
| जम्मा | | २५ | |

निर्णय नं.२: प्रस्ताव नं.२ माथि छलफल गर्दा ठोरी गाउँपालिकाको सबै क्षेत्र सुख्खाग्रस्त वनेकाले दीर्घकालीन सिंचाईको निम्ति पहिले देखि प्रयोगमा रहेको हाल सञ्चालन नभएको ठोरी गाउँपालिकाको क्षेत्र र वन तथा निकुञ्ज भित्रका तपसिलका खोला नदि, राज कुलोको मुहानको संरक्षण गर्दै स्तरोन्नति गर्न सम्वन्धित निकायहरुमा वजेट तथा योजना माग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा नं. | खोला | कैफियत |
|---|---|---|---|
| १ | १ | अमुवा सिंचाई,बुलबुले सिंचाई, देविथान सिंचाई.झिङ्गे खोला, सरस्वता सिंचाई | |
| २ | २ | ठुटेखोला, ब्यारेक खोला,ढेड्डु खोला,तालखोला,तीनघरे खोला,इच्छानगरखोला. बाघमारा खोला | |
| ३ | ३ | ओडार खोला, सिकारीवास खोला, राज खोला, ठुटेखोला | |
| ४ | ४ | कालोपानी र चिसोपानी खोला | |

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

CamScanner